केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१/०६७/६८ मिति: २०६७/०४/२५

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**
*(सीमित बैंकिंग कारोबार गर्न इजाजतपत्रप्राप्त सहकारी संस्थाहरु र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार गर्न इजाजतपत्रप्राप्त गैर सरकारी संस्थाहरु समेत)*,

महाशय,

आर्थिक वर्ष २०६७६८ को मौद्रिक नीतिमा उल्लेख भएका विषय लगायत निम्न लिखित व्यवस्थाका सम्बन्धमा देहाय बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **बैंकदर (Bank Rate) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ को बुँदा नं. १५ मा भएको *'प्रचलित बैंकदरमा अन्तिम ऋणदाता सुविधा दिइने'* भन्ने नीतिगत व्यवस्था बमोजिम विद्यमान बैंकदर ६.५ प्रतिशतको सट्टा ७ प्रतिशत कायम गरिएको छ।

२. **वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को इ.प्रा.निर्देशन नं. १३/०६७ को बुँदा नं. (ख) मा भएको शीर्ष व्यवस्थाको अनुच्छेदलाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

*"क" वर्गका बैंकले १५ प्रतिशत, "ख" वर्गका विकास बैंकले ११ प्रतिशत, "ग" वर्गका वित्त कम्पनीले १० प्रतिशत, चल्ती निक्षेप संकलन नगर्ने "ख" र "ग" वर्गका वित्तीय संस्थाले ६ प्रतिशत तथा सर्वसाधारणको समेत निक्षेप परिचालन शुरु गरिसकेका "घ" वर्गका वित्तीय संस्थाहरूले ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नु पर्ने व्यवस्था गरिएको छ। यस प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाहरूको निम्नानुसारको तरल सम्पत्तिहरु गणना गरिनेछ : :*

*(क) नेपाल सरकारको सुरक्षणपत्रमा गरेको लगानी,*
*(ख) अनिवार्य मौज्दात प्रयोजनका लागि नेपाल राष्ट्र बैंकमा राखिएको रकम,*
*(ग) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दात,*
*(घ) "ख", "ग" र "घ" वर्गका संस्थाको हकमा अनिवार्य मौज्दात प्रयोजनका लागि वाणिज्य बैंकहरुमा रहेको रकम,*
*(ङ) राष्ट्रियस्तर वाहेकका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम,*

(संलग्न अनुसूची १३.३ बमोजिम)

*यसमध्ये "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले ५.५ प्रतिशत र चल्ती निक्षेप स्वीकार नगर्ने वित्तीय संस्थाहरु ("ख", "ग" र सर्वसाधारणबाट समेत निक्षेप परिचालन गर्ने "घ" वर्गका) ले २ प्रतिशत अनिवार्य मौज्दात अनुपात कायम गर्नु पर्नेछ।*

३. **स्थायी तरलता सुविधा (Standing Liquidity Facility) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ को बुँदा नं. ८ मा स्थायी तरलता सुविधा सम्बन्धमा भएका सम्पूर्ण नीतिगत तथा प्रक्रियागत व्यवस्थालाई

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

यथावत कायम राखी उपबुँदा नं. (ख) मा भएको व्यवस्थालाई देहाय बमोजिम परिमार्जन गरिएको छ।

*स्थायी तरलता सुविधाको ब्याजदर निर्धारण गर्दा पछिल्लो ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर वा प्रचलित बैंकदर मध्ये जुन बढी छ, त्यसमा ३ प्रतिशत विन्दुले पेनाल दर जोडी उक्त दर कायम गरिएको छ।*

४. **पुनरकर्जा सुविधा (Refinance Facility) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ को बुँदा नं. २९ मा भएका सम्पूर्ण नीतिगत तथा प्रक्रियागत व्यवस्थालाई यथावत कायम राखी *यस बैंकबाट उपलब्ध गराइने साधारण पुनरकर्जा सुविधाको ब्याजदरलाई ७ प्रतिशत कायम गरी बैंक तथा वित्तीय संस्थाहरूले यस्तो पुनरकर्जामा सम्बन्धित ऋणीबाट बढीमा १० प्रतिशतसम्म मात्र ब्याज लिन पाउने व्यवस्था गरिएको छ।* यो परिपत्र जारी भएको मिति पछि प्रवाह हुने पुनरकर्जामा मात्र परिवर्तित दर लागू हुनेछ।

*साथै, विपन्न वर्ग कर्जामा गणना हुने गरी बैंक तथा वित्तीय संस्थाबाट महिलाहरूद्वारा संचालित लघु उद्यमलाई प्रवाह भएको रू ३ लाखसम्मको कर्जालाई सो कर्जाको धितो सुरक्षणमा यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध गराइने छ।*

*(**नोट:** पुनरकर्जा सुविधा अन्तर्गत प्रवाह भएको कर्जा सम्बन्धी विवरण अनुसूची २१.८ को ढाँचामा सम्बन्धित सुपरिवेक्षण विभागमा मासिक रुपमा महिना समाप्त भएको मितिले १५ दिनभित्रमा पेश गर्नु पर्नेछ।)*

५. **निर्यात पुनरकर्जा (Export Refinance) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ को बुँदा नं. ३० को उपबुँदा नं. ४ (ख) मा देहायको व्यवस्था थप गरिएको छ।

*निर्यातयोग्य वस्तु उत्पादन गर्ने घरेलु तथा साना उद्योग।*

६. **विशेष पुनरकर्जादर (Special Refinance Rate) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ मा देहायको व्यवस्था थप गरिएको छ।

*यस बैंकबाट निर्यात उद्योग, रूग्ण उद्योग, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गका व्यक्तिहरूलाई प्रवाह हुने कर्जाको पुनरकर्जादरलाई १.५ प्रतिशत कायम गरिएको छ। साथै, नेपाल सरकारले परिभाषित गरे अनुसार दलित, जनजाति, उत्पीडित तथा महिला वर्गलाई राहत पुऱ्याउन र वैदेशिक रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउन प्रदान गरिएको कर्जाको धितो सुरक्षणमा १.५ प्रतिशत दरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ। यो सुविधा उपयोग गर्दा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ग्राहकबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन्।*

७. **राष्ट्रियस्तरको "ख" वर्गका विकास बैंकहरूको पुँजी पर्याप्तता (Capital Adequacy) सम्बन्धमा:**

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. १/०६७ को अनुसूची नं. १.१ (Capital Adequacy Framework, 2007, updated July 2008) अन्तर्गतको ढाँचामा आर्थिक वर्ष २०६७/६८ देखि राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरूले समेत विद्यमान व्यवस्थाका अतिरिक्त समानान्तर (Parallel) रुपमा पुँजीकोष पर्याप्तता अनुपातका विवरणहरु तथा वार्षिक विवरणहरु नियमितरुपमा सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ।

८. बैंकहरूले एक अर्कामा निक्षेप खाता खोल्ने सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ मा देहायको व्यवस्था थप गरिएको छ।

*(क) यस बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य कुनै पनि बैंक वा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी कारोवार गर्ने संस्थामा ब्याज प्राप्त हुने गरी कुनै पनि प्रकारका स्वदेशी निक्षेप खाता खोल्न पाइने छैन।*

*(ख) तर, यो व्यवस्थाले देहाय बमोजिमका रकमहरु ब्याज आर्जन हुने गरी राख्न रोक लगाएको मानिने छैन।*

- *कर्मचारी अवकाश कोष वापतको रकम,*
- *शुरु सार्वजनिक निश्कासन, पुनः सार्वजनिक निश्कासन र हकप्रद शेयर निश्कासनबाट संकलन भएको रकम जम्मा गरी ब्याज आर्जन हुने अस्थायी प्रकृतिका निक्षेप खाता,*
- *विदेशी मुद्राको खाता,*

*(ग) उपर्युक्त बुँदा नं. (ख) बाहेकका ब्याज आर्जन हुने गरी यसपूर्व खोलिएका खाताको हकमा देहाय बमोजिम गर्नु पर्नेछ।*

- *Demand Deposit प्रकृतिका खाताहरु २०६७ असोज मसान्तभित्रमा बन्द गर्ने।*
- *मुद्दति निक्षेप खाताहरु सो को भुक्तानी अवधि (Maturity Period) समाप्त भए पश्चात नवीकरण नगर्ने।*

९. अन्तरबैंक सापटीका सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ मा देहायको व्यवस्था थप गरिएको छ।

*अन्तरबैंक सापटीको अवधि बढीमा ७ दिनसम्म मात्र हुनेछ। संचालक समितिबाट स्वीकृति गराई बढीमा ३० दिनसम्मको लागि यस्तो कारोबार गर्न सकिने छ।*

१०. क्षेत्रगत कर्जा सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. ३/०६७ को बुँदा नं. ११ को उप बुँदा नं. २ पछि देहायको व्यवस्था थप गरिएको छ।

*इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (कुनै एक आर्थिक क्षेत्रमा मात्र कर्जा प्रवाह गर्न स्वीकृति पाएका वित्तीय संस्था वाहेक) ले कुनै एक क्षेत्रमा आफ्नो कुल बाँकी कर्जा सापटको बढीमा ४० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ। यसपूर्व ४० प्रतिशतभन्दा कम सीमा तोकिएका क्षेत्रहरूमा भने सोही बमोजिम हुनेछ।*

*(**नोटः** क्षेत्रगत कर्जा सम्बन्धी विवरण ने.रा.बैंक निर्देशन फा.नं. ३ को ढाँचामा सम्बन्धित सुपरिवेक्षण विभागमा मासिक रुपमा महिना समाप्त भएको मितिले १५ दिनभित्रमा पेश गर्नु पर्नेछ।)*

११. संस्थापक शेयर धितो कर्जा सम्बन्धमा:

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. १०/०६७ को बुँदा नं. ९ को उपबुँदा नं. (क) पछि देहायको व्यवस्था थप गरिएको छ।

(क) *इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको १ प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेका संस्थापक/संस्थापक*

*समूहका शेयरधनीहरूले आफूले धारण गरेको संस्थापक शेयरमध्ये ५० प्रतिशत भन्दा बढी शेयर धितो राखी कर्जा लिन पाउने छैनन् । यसपूर्व सो सीमाभन्दा बढी शेयर धितो राखी कर्जा उपयोग गरिरहेकाको हकमा उक्त कर्जाको भुक्तानी मिति वा २०६८ आषाढमसान्तमध्ये जुन पहिले हुन्छ, सो समयभित्र तोकिएको सीमामा ल्याइसक्नु पर्नेछ ।*

(ख) इ.प्रा. निर्देशन नं. १०/०६७ को बुँदा नं. ९ को उपबुँदा नं. (ख) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*संस्थापक शेयरको धितोमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा साधारण शेयरको पछिल्लो १८० कार्य दिनको औसत मूल्यको बढीमा ५० प्रतिशत मूल्य वा संस्थापक शेयरको अन्तिम कारोवारको मूल्यमध्ये जुन कम हुन्छ सो को आधारमा मूल्य कायम गर्नुपर्नेछ । यसरी कायम गरिएको मूल्यको बढीमा ६० प्रतिशत रकमसम्म मात्र कर्जा दिन सकिने छ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको शेयरको पुनरमूल्याङ्कन गरी सो को आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन।*

*तर, वजार मूल्य कम भई कर्जा असुरक्षित भएको अवस्थामा थप सुरक्षणको व्यवस्था गर्नु पर्नेछ । यसपूर्व सो सीमाभन्दा बढी शेयर धितो राखी कर्जा उपयोग गरिरहेकाको हकमा उक्त कर्जाको भुक्तानी मिति वा २०६८ आषाढमसान्तमध्ये जुन पहिले हुन्छ, सो समयभित्र तोकिएको सीमामा ल्याइसक्नु पर्नेछ ।*

१२. <u>शेयर धितो कर्जा सम्बन्धमाः</u>

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २/०६७ को बुँदा नं. १६ को उप बुँदा नं. क (१) लाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० कार्य दिनको औसत मूल्यको आधारमा बढीमा ६० प्रतिशत वा शेयरको प्रचलित बजार मूल्यको ६० प्रतिशतमध्ये जुन कम हुन्छ सो रकमसम्म मात्र कर्जा दिन सकिने छ । एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको शेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन ।*

१३. <u>टि.आर.कर्जा (**Trust Receipt Loan**) सम्बन्धमाः</u>

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २/०६७ को बुँदा नं. २० लाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*ट्रष्ट रिसिप्ट कर्जा (TR Loan) वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम १२० दिनसम्मको अवधिको लागि मात्र प्रवाह गर्न पाइने छ ।*

१४. <u>शाखा/कार्यालय खोल्ने सम्बन्धमाः</u>

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. १४/०६७ को बुँदा नं. १ को उपबुँदा नं. (ख) (ए) मा देहायको व्यवस्था थप गरिएको छ ।

*तर, यस बैंकबाट इजाजतपत्रप्राप्त "ग" वर्गका वित्तीय संस्थाहरुले शाखा विस्तार गर्दा दुईवटा सम्ममात्र बैंक तथा वित्तीय संस्था वा तिनका शाखा भएका काठमाण्डौं उपत्यका बाहेकका नगरपालिका वा गाउँ विकास समितिमा शाखा विस्तार गरेमा त्यस्तो अतिरिक्त चुक्ता पुँजी थप गर्नु पर्ने व्यवस्थामा छुट दिइनेछ ।*

(ख) इ.प्रा. निर्देशन नं. १४/०६७ को बुँदा नं. १ को उपबुँदा नं. (च) पछि देहायको व्यवस्था थप गरिएको छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*१. इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था तथा सर्वसाधारणको निक्षेप संकलन गर्ने स्वीकृति प्राप्त "घ" वर्गका संस्थाले बैंकिङ्ग कारोबारको लागि शाखा विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।*

*२. यसरी स्वीकृति प्रदान गर्दा प्रस्तावित क्षेत्रको व्यवसायिक कारोवार, बैंकिङ्ग सेवाको पहुँच तथा उक्त बैंक वा वित्तीय संस्थाबाट कृषि, उर्जा, पर्यटन र लघु उद्यमको क्षेत्रमा कर्जा प्रवाहमा हुन सक्ने वृद्धिको स्थिति झल्कने गरी पेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन समेतलाई आधार बनाइनेछ । शाखा स्थापनाको लागि पेश गरिने सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित शाखा स्थापनाका लागि हुने पूँजीगत तथा अन्य खर्चहरु, तीन वर्षभित्रमा सोही संस्थाको अन्तरशाखा व्याज आम्दानी बाहेकका बैंकिङ्ग कारोबारबाट प्रस्तावित शाखा मुनाफामा संचालित हुन सक्ने आधार समेत समावेश गर्नु पर्नेछ । यसपूर्व शाखा कार्यालय स्थापना गर्न २०६७ असार मसान्तसम्म निर्णय गरी यस बैंकमा जानकारी उपलब्ध गराएका संस्थाको लागि पूर्ववत व्यवस्था बमोजिम नै हुनेछ । आ.व.२०६७/६८ को मौद्रिक नीति सार्वजनिक हुनु अघि निर्णय भई यस बैंकलाई जानकारी उपलब्ध गराइसकेका संस्थाको हकमा आवश्यक अध्ययन गरी शाखा खोल्न स्वीकृति प्रदान गरिने छ ।*

*३. "क" वर्ग र राष्ट्रियस्तरका "ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्ला (सोलुखुम्बु, मनाङ, मुस्तांग, रुकुम, डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, बाजुरा, बझांग, दार्चुला, ताप्लेजुङ्ग, संखुवासभा, दोलखा, रसुवा, गोरखा, रोल्पा, अछाम, सिन्धुपाल्चोक, धादिङ्ग) का सदरमुकाममा शाखा खोलेमा संचालन खर्च प्रयोजनका लागि रु. ५० लाखसम्म र सदरमुकामभन्दा बाहिर शाखा खोलेमा रू. १ करोडसम्म यस बैंकबाट शून्य ब्याजदरमा कर्जा सुबिधा उपलव्ध गराइने छ ।*

(ग) इ.प्रा. निर्देशन नं. १४/०६७ को बुँदा नं. १ को उपबुँदा नं. (क) को (ऊ) र उपबुँदा नं. (ख) को (ऊ) मा भएको विद्यमान व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

*शाखा कार्यालय स्थापना/संचालन गर्ने सम्बन्धी निर्णय सम्बन्धित संस्थाको सञ्चालक समितिबाट गर्नु पर्ने । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिनभित्र यस बैंक समक्ष संलग्न अनुसूची १४.१ बमोजिमको ढाँचाको फारम भरी स्वीकृतिको लागि आवेदन दिनु पर्ने । यस बैंकबाट स्वीकृति पाएको मितिले छ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरि सक्नु पर्ने ।*

(घ) इ.प्रा. निर्देशन नं. १४/०६७ को बुँदा नं. १० मा भएको विद्यमान व्यवस्थालाई खारेज गरिएको छ ।

(ङ) इ.प्रा. निर्देशन नं. १४/०६७ को बुँदा नं. १ को उपबुँदा नं. (ङ) पछि देहायको व्यवस्था थप गरिएको छ ।

*यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका तोकिएका ३० जिल्लाहरू ( पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, भोजपुर, खोटाङ, ओखलढुंगा, दोलखा, रामेछाप, रसुवा, सिन्धुपाल्चोक, मनाङ, अर्घाखाँची, मुस्ताङ, रोल्पा, रुकुम, सल्यान, प्युठान, जुम्ला, मुगु, हुम्ला, कालीकोट, डोल्पा, दैलेख, जाजरकोट, बझाङ, डोटी, बाजुरा, दार्चुला र बैतडी) मा कम्तीमा एक शाखा र काठमाण्डौ उपत्यका बाहिर अन्यत्र एक शाखा गरी दुई वटा शाखा खोली संचालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकाभित्र एक शाखा खोल्न पाइने छ ।*

***नोटः** पूर्व व्यवस्था अनुसार २०६७ असार मसान्तसम्ममा संचालक समितिले निर्णय गरी ६ महिनाभित्र काठमाण्डौ उपत्यका वाहिर खोलिएका शाखा कार्यालयहरुलाई यस प्रयोजनको लागि गणना गर्न पाइने छैन ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*यस प्रयोजनका लागि नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लाहरुमध्येको गोरखा र धादिङ जिल्लालाई समेत समावेश गरिएको छ ।*

*तर, उपर्युक्त व्यवस्थाले देहाय बमोजिमका स्थानमा शाखा विस्तार गर्न वाधा पुर्‍याएको मानिने छैन ।*

- *राष्ट्रियस्तरका संस्थाहरु बाहेकका इजाजतपत्रप्राप्त संस्थाहरुको हकमा आफ्नो स्वीकृत कार्यक्षेत्रभित्र शाखा कार्यालय स्थापना गर्न ।*
- *"क" वर्गका इजाजतप्रत्रप्राप्त संस्थाको रुपमा स्थापित नयाँ बैंकको काठमाण्डौं उपत्यकाभित्र केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय र एउटा शाखा कार्यालय स्थापना गर्न ।*
- *आयात निर्यात व्यापारका लागि प्रमुख भन्सार नाका मानिएका काँकडभिट्टा, विराटनगर, वीरगंज, भैरहवा, नेपालगंज र धनगढीमा एक/एकवटा शाखा कार्यालय स्थापना गर्न ।*

(च) इ.प्रा. निर्देशन नं. १४/०६७ बुँदा नं. ७ पछि देहायका शर्तहरुको अधिनमा रही "सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets)" मार्फत कारोबार गर्न सक्ने व्यवस्था गरिएको छ ।

*इजाजतपत्रप्राप्त "क" वर्गका बैंक र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुले सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets) को रुपमा कार्यालय (नियमित रुपमा कर्मचारी खटाई वा तोकिएको दिनमा कर्मचारी खटाई सेवा प्रदान गर्ने) स्थापना गरी देहायको नीतिगत व्यवस्था तथा शर्तहरुको अधिनमा रही बैंकिङ्ग सेवाको पँहुच नपुगेका ( काठमाण्डौं उपत्यका, देशका अन्य उप-महानगरपालिका/नगरपालिका बाहेकका) क्षेत्रहरुमा सीमित बैंकिङ्ग इकाई मार्फत बैंकिंग सेवा प्रदान गर्ने स्वीकृति प्रदान गर्न सकिने छ ।*

नीतिगत व्यवस्था तथा शर्तहरुः

- सीमित बैंकिङ्ग सेवा उपलब्ध गराउने सम्बन्धी निर्णय सम्बन्धित संस्थाको संचालक समितिबाट भएको हुनु पर्नेछ।
- सीमित बैंकिङ्ग इकाई मार्फत सेवा प्रदान गर्न चाहने संस्थाले कारोबार रकमको सीमा आफैं निर्धारण गर्न सक्ने छन्।
- सम्बन्धित संस्थाले यो सेवा संचालन गर्दा आइपर्ने सुरक्षा प्रणाली लगायतका सम्पूर्ण जोखिम पहिचान र व्यवस्थापन आफैंले गर्नु पर्नेछ ।
- सीमित बैंकिङ्ग सेवा उपलब्ध गराइने स्थानमा पर्याप्त सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।
- सीमित बैंकिङ्ग इकाई सेवामा संलग्न हुने नगद, मार्गस्थ नगद (Cash in Transit), सवारी साधन, कर्मचारी तथा अन्य सम्पत्तिको बीमा गरेको हुनु पर्नेछ ।
- सीमित बैंकिङ्ग इकाई मार्फत सेवा उपलब्ध गराए बापत विद्यमान प्रचलित सेवा शुल्क बाहेक अन्य कुनैपनि सेवाशुल्क सेवाग्राहीसंग लिन पाइने छैन । कारोबारको विवरण र प्रभाव ग्राहकको खातामा तत्काल झल्कने व्यवस्था गर्नु पर्नेछ ।
- सीमित बैंकिङ्ग इकाईको माध्यमबाट नेपाली रुपैंयामा मात्र निक्षेप तथा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ र अन्तर्राष्ट्रियस्तरमा कारोवार (Cross Border Transaction) गर्न र भुक्तानी सेवामा वैदेशिक मुद्राको प्रयोग गर्न पाइने छैन ।
- संस्थाले ग्राहकलाई निक्षेप, भुक्तानी तथा कर्जा सम्बन्धी कारोबार र आन्तरिक रेमिट्यान्स सेवा उपलब्ध गराउने बाहेकका अन्य सेवा सुविधा प्रदान गर्न पाइने छैन ।
- संस्थाको Network र Database पूर्ण सुरक्षित हुनु पर्नेछ । प्राविधिक व्यवस्थापनमा कुनै समस्या आई निक्षेप तथा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

भुक्तानी कारोबार प्रभावित भई Database क्षति भएमा सो क्षतिको पूर्ण जवाफदेहिता सम्बन्धित संस्थाको नै हुनेछ।

- कारोवार सम्पन्न भए पश्चात सम्बन्धित नजिकको शाखा वा Parent शाखा वा केन्द्रीय कार्यालयमा Software Data Transfer अनिवार्य गरी केन्द्रीय सूचना प्रणालीमा तत्काल प्रवाह र सूचना विनिमय गर्ने व्यवस्था एवं उपयुक्त Backup को समेत व्यवस्था गरेको हुनु पर्नेछ ।
- यस्तो सुविधा तोकिएको स्थानमा कम्तीमा हप्ताको २ दिन उपलब्ध गराउनु पर्नेछ ।
- संस्थाको आन्तरिक लेखापरीक्षण विभागले सीमित बैंकिङ्ग कारोबारलाई सुरक्षित बनाउन निश्चित मापदण्ड बनाई आन्तरिक लेखापरीक्षणमा सो सम्बन्धी कारोबारलाई समेत समेट्नु पर्नेछ ।
- कारोबार गर्दा ग्राहक पहिचान लगायत सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरेको हुनु पर्नेछ ।
- माथि उल्लेखित शर्तहरु, अन्य प्रचलित कानुन र यस बैंकको निर्देशनको अधिनमा रही यस बैंकको पूर्वस्वीकृति लिएर मात्र सीमित बैंकिङ्ग सेवा उपलब्ध गराउन सकिने छ ।

१५. <u>लघु कर्जा डेस्क स्थापना गर्ने सम्बन्धमा :</u>

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. २१/०६७ मा देहायको व्यवस्था थप गरिएको छ ।

*इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लघु, साना र मझौला उद्योगमा कर्जा प्रवाह तथा पहुँच वृद्धिका लागि कर्जा विभाग अन्तर्गत एउटा छुट्टै डेस्क स्थापना गर्नु पर्नेछ ।*

१६. <u>विपन्न वर्ग कर्जा (**Deprived Sector Lending**) सम्बन्धमाः</u>

(क) यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को इ.प्रा. निर्देशन नं. १७/०६७ को बुँदा नं. १ को पहिलो अनुच्छेदलाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*"क" वर्गका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कुल बाँकी कर्जा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को न्यूनतम ३ प्रतिशत, "ख" वर्गका इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कुल बाँकी कर्जा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को २.५ प्रतिशत र "ग" वर्गका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरुले कूल बाँकी कर्जा तथा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को २ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्नेछ । "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले २०६७ आषाढमसान्तको कुल बाँकी कर्जा तथा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को आधारमा २०६७ पौषमसान्तसम्ममा तोकिएको दर अनुसारको कर्जा प्रवाह गर्नु पर्नेछ ।*

(ख) इ.प्रा. निर्देशन नं. १७/०६७ को बुँदा नं. १४ पछि देहायको व्यवस्था थप गरिएको छ ।

*विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सापटी रकमलाई लक्षित वर्गमा प्रवाह नगरी सो बापतको रकम व्याज आर्जन हुने गरी कुनै पनि बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न पाइने छैन । तर यस व्यवस्थाले "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा कर्जा सीमा (Line of Credit) उपयोग गर्न वाधा पुर्‍याएको मानिने छैन ।*

*बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग कर्जामा गणना गर्ने प्रयोजनका लागि उपलब्ध गराएको थोक कर्जा प्राप्त गर्ने संस्थाबाट प्रत्येक ६/६ महिनामा कर्जाको प्रयोग विपन्न वर्गमा नै भए/नभएको सम्बन्धमा प्रगति विवरण लिनु पर्ने तथा यस बैंकको निरीक्षणको क्रममा त्यसरी उपलब्ध गराइएको थोक कर्जा लक्षित वर्गमा प्रवाह भएको नपाईएमा सो कर्जा बराबरको रकम विपन्न वर्गमा गणना गरिने छैन ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३



(ग) माथि उल्लिखित खण्ड (ख) बमोजिमको थोक कर्जा प्रवाह गर्ने संस्थाले उद्देश्य बमोजिम सम्पूर्ण थोक कर्जा रकम प्रवाह गरे/नगरेको विवरण लिई सो को प्रमाणिकरण गरी प्रत्येक आर्थिक वर्षको माघ र साउन मसान्तमा सम्वन्धित सुपरिवेक्षण विभागलाई जानकारी दिनु पर्नेछ ।

(घ) इ.प्रा. निर्देशन नं. १७/०६७ को बुँदा नं. ३ (छ) पछि देहायको व्यवस्था थप गरिएको छ ।

- *महिलाहरुद्वारा संचालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. ३ लाखसम्मको कर्जा।*
- *ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्याक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।*
- *माध्यमिक तथा उच्च माध्यमिक तह सरहको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट बिना धितोमा प्रवाह हुने रु.२ लाखसम्मको कर्जा ।*
- *सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रले ५०० किलोवाट क्षमतासम्मको जलविद्युत आयोजनाको कुल लागतको कम्तीमा ५० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने परियोजनामा बैंक तथा वित्तीय संस्थाहरुले सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रलाई प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट ।*

(ङ) इ.प्रा. निर्देशन नं. १७/०६७ को बुँदा नं. ४ पछि देहायको व्यवस्था थप गरिएको छ ।

*(१) विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका प्रति समूह सदस्य/व्यक्तिलाई सामूहिक/व्यक्तिगत जमानतमा प्रवाह गर्नु पर्ने कर्जाको विद्यमान सीमा रु. ६० हजारको सट्टा रु. ९० हजार गरिएको छ । यसैगरी लघु उद्यम कर्जाको रु. १ लाख ५० हजारको सीमाको सट्टा रु. २ लाख कायम गरिएको छ । तर, उक्त मापदण्ड पूरा नगरेकाको हकमा विपन्न वर्ग कर्जा सीमा पूर्व व्यवस्था बमोजिम रु. ६० हजार र रु. १ लाख ५० हजार नै हुनेछ ।*

*(२) लघुवित्त सम्बन्धी कारोबार गर्ने वित्तीय संस्थाको हकमा समेत लागू हुने गरी रु. २ लाखसम्मको कर्जा प्रवाह गर्दा विपन्न वर्गमा जाने कुल कर्जा सापटको विद्यमान २५ प्रतिशतको सीमाको सट्टा एक तिहाई भन्दा बढी हुन नहुने व्यवस्था कायम गरिएको छ ।*

*(३) उपर्युक्त दुवै व्यवस्था इ.प्रा. निर्देशन नं. ३/०६७ को बुँदा नं. १(२) को हकमा समेत लागू हुनेछ ।*

(च) इ.प्रा. निर्देशन नं. १७/०६७ को बुँदा नं. ३ (छ) लाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समुदायले एकल वा सामुहिकरुपमा गलैंचाको लागि आवश्यक पर्ने ऊन उत्पादन गर्ने प्रयोजनार्थ भेडापालन गर्न वा गलैंचा बुन्ने तान राख्नका लागि बैंक तथा वित्तीय संस्थाहरुवाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु.१ लाख ५० हजारमा नबढ्ने गरी (विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेकाको लागि रु. २ लाख हुने) प्रवाह भएको कर्जा ।*

*त्यसैगरी, विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य सीमान्तीकृत समुदाय तथा साना किसान वा किसान समुदायले मलखाद तथा वीउविजन खरिद, सामूहिकरुपमा उत्पादन भण्डारणको लागि शीत भण्डार (Cold Storage) निर्माण, उत्पादनको वजारीकरण, साना सिंचाई कुलो, स्यालो ट्यूववेल जडानजस्ता उद्देश्यका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु.१ लाख ५० हजारमा नबढ्ने गरी प्रवाह*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*गरिएको कर्जा । साथै, पशुपालन, मत्स्यपालन, मौरीपालन जस्ता व्यवसायको लागि प्रति परिवार रु. २ लाख ५० हजार रूपैयाँसम्मको कर्जा ।*

(छ) इ.प्रा. निर्देशन नं. १७ /०६७ को बुँदा नं. ७ लाई देहाय बमोजिम परिमार्जन गरिएको छ ।

*विपन्न वर्गमा प्रवाह गरिएको कर्जा गणना गर्दा ६ महिना अघिको कूल बाँकी कर्जा सापट (बिल्स खरिद तथा डिस्काउण्ट सहित) को आधारमा प्रत्येक त्रयमासमा अर्थात आश्विन, पौष, चैत्र र आषाढमसान्तमा गरिने छ ।*

(ज) इ.प्रा. निर्देशन नं. १७/०६७ को अन्त्यमा देहायको स्पष्टीकरण थप गरिएको छ ।

*तोकिएको विपन्न वर्ग कर्जा सीमा सम्बन्धमा यस निर्देशनमा जुनसुकै व्यवस्था भएता पनि इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरुले लघु कर्जाको लागि तोकिएको (व्यक्तिगत/प्रतिउद्यम) सीमासम्म मात्र कर्जा प्रवाह गर्न सक्ने छन् ।*

१७. निक्षेप सुरक्षण गराउने सम्बन्धमाः

*यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरुले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दति खातामा रहेको रु २ लाखसम्मको निक्षेप सुरक्षण गर्न निक्षेप तथा कर्जा सुरक्षण निगमसंग सुरक्षण गर्ने/गराउने व्यवस्था गर्नु पर्नेछ ।*

१८. लघु वित्त/सहकारी/गैर सरकारी संस्थाको सुपरिवेक्षण सम्वन्धमाः

*यस बैंकवाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त संस्थाहरु, सीमित बैकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरु, वित्तीय मध्यस्थता सम्वन्धी कार्य गर्ने गैर सरकारी संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण कार्य २०६७ श्रावण १ देखि लघु वित्त विभागले गर्ने गरी तोकिएको हुँदा उक्त संस्थाहरुले सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने भनी तोकिएका विवरणहरु लघु वित्त विभागमा पेश गर्नु पर्नेछ ।*

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय, थापाथली तथा जिल्ला स्थित कार्यालयहरु ।
१०. श्री नेपाल धितोपत्र बोर्ड, गौशाला, काठमाण्डौं ।
११. श्री निक्षेप तथा कर्जा सुरक्षण निगम, टंगाल, काठमाण्डौं ।
१२. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१४. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१५. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।